# उद्धारकर्ता, घाईते एवं नागरिक समाज र सम्पूर्ण नेपाली दाजुभाई तथा दिदी बहिनीहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने महामारीजन्य रोग रोकथामहरुको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट मिति २०७२/०१/१६ गते सम्म गरेको कार्य देहाय बमोजिम रहेको कुरा सबैको जानकारीको लागि प्रेषित गरिन्छ।

१. अन्तराष्ट्रिय उद्धारकर्मी तथा उपचार टोलीहरु सेवा दिईरहेको स्थानहरु :

- Japanese Medical Team द्वारा सिन्धुपाल्चोकको बाह्रबिसेमा अस्पतालको व्यवस्था गरी सेवा सुरु गरेको ।
- Israel Medical Team द्वारा Army Hospital छाउनी काठमाण्डौंमा ६० देखि ७० बेड को अस्पतालको स्थापना गरी सेवा सुरु गरेको ।
- Indian Army Medical Team द्वारा लगनखेलमा २५ बेड को अस्पतालको व्यवस्था गरी सेवा सुरु गरेको ।
- Pakistani Medical Team द्वारा १५ बेडको अस्पताल, भक्तपुर सल्लाघारीमा अस्पतालको स्थापना गरी सेवा सुरु गरेको ।
- Indian Army Medical Team र Arm Police Force ले सिनामंगलमा १५ बेड को अस्पतालको व्यवस्था गरी सेवा सुरु ।
- Chinese Medical Team द्वारा धुलिखेलमा ६० देखि ७० बेडको व्यवस्था गरी गहन सल्यक्रिया सहितको सेवा सुरु स्थानहरुमा लगायत अन्य १८ वटा स्थानहरुमा Medical Team ।
- Holand Medical Team (MSF) द्वारा भिमटार स्वास्थ्य चौकीमा मा उपचारमा सहयोग भएको ।
- Italy Medical Team द्वारा सिन्धुपाल्चोक को जलबिरेमा उपचारमा सहयोग भएको ।
- India Medical Team द्वारा धादिङको धादिङ बेंसीमा उपचारमा सहयोग भएको ।
- Franc Medical Team (MSF) द्वारा गोरखाको आरुघाटमा फिल्ड हस्पीटलको रुपमा स्थापना गरी घाईतेलाई सहयोग भएको ।
- उपरोक्त स्थानहरु लगायत अन्य १८ वटा स्थानहरुमा Medical Team परिचालनमा रहेको ।
- माथिका बिभिन्न स्थानमा आधुनिक यन्त्र उपकरण औषधि सहित नि:शूल्क सेवा गर्न अस्पताल स्थापना गरिएकोले बिरामी तथा घाइतेहरु आफूलाई पायक पर्ने स्थान वा अस्पतालमा सेवा लिन जान हुन अनुरोध छ ।

२.उपकरण र औषधि पठाईएको स्थानहरु

- बिभिन्न संघ संस्थाहरुबाट सहयोग सहयोग स्वरुप प्राप्त औषधि र उपकरणहरु जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, धादिङ, नुवाकोट, भक्तपुर, रसूवा लगायत टुँडीखेल काठमाण्डौं, अन्नपूर्ण न्यूरोलोजिकल ईन्स्टीट्युट एण्ड अलाईड साईन्स, नारायणगोपाल चोक काठमाण्डौं, श्री टोल क्याम्प, संबिधान सभा परिसर काठमाण्डौं,सुकुम्बासी बस्ती काठमाण्डौ, गोंगबु काठमाण्डौ, त्रि.बि. अस्पताल, महाराजगंज, मनमैजु काठमाण्डौ, सेन्ट जेभियर्स स्कूल, त्रि.बि.अन्तराष्ट्रिय बिमानस्थल, सितापाईला काठमाण्डौं, ट्रमा सेन्टर
- उपरोक्त औषधि र उपकरणका अतिरिक्त स्वास्थ्य सेवा बिभाग, आपूर्ति व्यवस्था महाशाखा, टेकू बाट ५० प्रकारका औषधिहरु रसुवा जिल्ला(माथिल्लो र तल्लो रसुवा), सिन्धुपाल्चोक, काभ्रे, गोर्खा, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक बाह्रबिसे, मकवानपुर, धादिङ, शसस्त्र प्रहरी अस्पताल, ट्रमा सेन्टर र प्राथमिक स्वास्थ्य केन्द्र मेलम्चीमा पठाईएकोछ ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधि व्यवस्था बिभागले सम्पूर्ण औषधि पसलेहरु र आयातकर्ताहरुलाई आ-आफ्नो पसल र फर्म तत्काल खोली औषधि लगायतका सामग्रीहरु सहज र सुलभ रुपमा उपलब्ध गराउन अपिल गरेको छ ।
- औषधि तथा औषधिजन्य स्वास्थ्य सामग्री तथा उपकरणलाई तोकिएको मूल्यमा मात्र बिक्री बितरण गर्नु हुन सबै औषधि पसल र फर्महरुलाई जानकारी गराईएको छ, अन्यथा कानून बमोजिम कडा कारबाही हुनेछ ।

३. उपचार गरिएको बिरामीको संख्या

मिति २०७२/०१/१६ गते २ बजे सम्म उपचार पाएका घाईतेको संख्या

| | |
|---|---|
| –धादिङ: ३२६ | –गोरखा: ३१४ |
| –लमजुङ: १९३ | –दोलखा: १०५ |
| –रसुवा: ७५० | –काभ्रे १८०० |
| –रामेछाप: २१ | –मकवानपुर: ३५० |
| –पाटन अस्पताल: २५९ | –सिभिल अस्पताल: ९५४ |
| –बीर अस्पताल: ५७५ | –त्रि.वि.शिक्षण अस्पताल ५५४७ |

–जम्मा उपचार पाएका संख्या: ११०९४

४.महामारी रोकथामका लागि गरिएको प्रयासहरु

- राष्ट्रिय दैनिक पत्रिकाहरुको अगाडीको पृष्ठमा रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि सन्देशहरु प्रकाशन गर्ने ।
- रेडियो नेपालबाट रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि सन्देश प्रसारण गर्ने ।
- प्रभावित सबै जिल्लाका एफ.एम. हरुबाट रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि सन्देश प्रसारण गर्ने
- नेपाल टेलिभिजन र सबै प्राईभेट टेलिभिजनबाट रोग रोकथाम तथा नियन्त्रण सम्बन्धि सन्देश प्रशारण गर्ने ।
- पोस्टर, फलेक्स र होर्डिङ बोर्ड उत्पादन गरी सबै प्रभावित क्षेत्रमा बितरण गर्ने ।
- नगरपालिकाहरुलाई मोबाईल चर्पी र सरसफाई व्यवस्थापनको लागि अनुरोध ।
- काठमाण्डौंको १३ वटा क्याम्पहरुमा र ललितपूरको ५ वटा क्याम्पमा हेल्थ डेस्क स्थापना गरी स्वास्थ्य उपचार तथा जनचेतना अभिवृद्धि गरेको ।

५. प्राप्त औषधि उपकरण र सामग्रीहरु सहयोगको बिवरण :

- भारतीय सरकारको तर्फबाट एक ट्रक सर्जिकल सामग्री सहितको सहयोग प्राप्त भयो ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रवक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय